**बैठक नं. २५९(३)१९**

**मिति २०७७१२।२२**

**<u>निर्णय</u>**

१. पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७७ को प्रस्तावित मस्यौदामा सबैको राय/प्रतिक्रिया तथा सुझाव प्राप्त गर्नको लागि आयोगको वेवसाइटमा १५ दिनको समय तोकि राय/सुझाव माग गर्ने निर्णय भयो ।

२. सूचना आयोगहरुको अन्तर्राष्ट्रिय सञ्जाल International Conference of Information Commissioners (ICIC) को दक्षिण अफ्रिकाको जोहन्सवर्गमा बसेको बैठकबाट जारी भएको बडापत्र अनुसार गठन गरिएको तदर्थ कार्यकारी समितिको सदस्यमा राष्ट्रिय सूचना आयोग, नेपाल रहेको र सोही बैठकको निर्णयानुसार निर्वाचित कार्यकारी समिति गठनको प्रक्रिया शुरु भएकोमा आगामी २ वर्षका लागि यस आयोगले खेल्न सक्ने भूमिका तथा नेपालको प्रतिष्ठालाई समेत ध्यानमा राखी कार्यकारी समितिमा उम्मेदवारी दिने निर्णय आयोगको मिति २०७७।०९।२८ को बैठकले गरेको थियो । उक्त निर्णयानुसार आयोगले उम्मेदवारी दिने स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति माग गर्न मिति २०७७।१०।०९ मा पत्राचार गरेको थियो । समयाभावका कारण स्वीकृतिका लागि पत्र लेखी उम्मेदवारी दर्ता गरेको थियो । ICIC ले प्राप्त उम्मेदवारीहरुको मूल्याकंन गरी ७ पदका लागि मात्र (सेलेक्ट) परेका १० आवेदनहरु उपर अनलाईन भोटिङका लागि अप्रिल १ देखि अप्रिल २८ सम्म समय दिईसकेको छ । यस अवस्थामा नेपाल सरकारको स्वीकृति बिना आयोगको उम्मेदवारी कायम राखी राख्न उपयुक्त र व्यवहारिक नहुने देखिएको हुँदा आयोगको उम्मेदवारी फिर्ता लिने निर्णय गरिएको छ । सोको जानकारी ICIC लाई सचिवालयले गराउने । साथै निर्वाचनमा भएका उम्मेदवारहरू मध्ये कुन कुनलाई भोट हाल्ने भन्ने बिषयमा निर्देशनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्र लेख्ने ।

३. विविध

(क) आयोगको स्थापना दिवस मनाउने सन्दर्भमा यस कार्यक्रमका लागि कुनै बजेट व्यवस्था नभएको पाइएको हुँदा बजेट व्यवस्था गराई दिन अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय अनुसार सचिवालयबाट पत्राचार भैसकेको तर कुनै निकास प्राप्त भै नसकेको जानकारी आयोगलाई भयो । पुनः ताकेता गर्ने निर्णय गरियो ।

(ख) आयोगको वार्षिक बजेट कार्यक्रमको सिलिङ आर्थिक वर्ष २०७६/७७ मा रु. ६ करोड २३ लाख रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु. ५ करोड २ लाख भएको र आगमी आर्थिक वर्षका लागि अझ घटी रु. ४ करोड ९४ लाख मात्र प्राप्त भएको सन्दर्भमा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न गराउन गठित यस आयोगको कार्य सम्पादनमा नकरात्मक प्रभाव पर्ने देखिँदा आगामी वर्षको बजेट सिलिङ थप गर्ने व्यवस्था हुन सूचना तथा सञ्चार प्रविधि मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा लेखि पठाउने ।

(ग) नेपाल राष्ट्र बैंकले हालै जारी गरेको सूचना तथा सञ्चार नीति, २०७७ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधानहरुसँग केकस्तो प्रभाव पर्न सक्छ ? भन्ने बिषयमा अध्ययन गरी २०७८ बैशाख १० गते भित्र राय सुझाव दिन सूचना आयुक्त कमला थापा ओलीको संयोजकत्वमा पुनरावेदन शाखाको उपसचिव र कानून अधिकृत सदस्य रहेको समिति गठन गर्ने ।

(घ) आयोगको स्थापना दिवसको अवसरमा आम सञ्चारका माध्यमलाई सूचनाको हकसम्बन्धी सामग्री प्रकाशन, प्रशारण गर्न आह्वान गर्ने ।